# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०६) पोखरा, असार ३१ गते, २०८० साल (अतिरिक्ताङ्क ११

## भाग १

गण्डकी प्रदेश सरकार

**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना**

नेपालको संविधान बमोजिम प्रदेश सभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत् २०८० सालको ऐन नं. १

**आर्थिक वर्ष २०८०/८१ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावनाः** आर्थिक वर्ष २०८०/८१ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट व्यय हुने रकम विनियोजन गर्ने र खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "गण्डकी प्रदेश विनियोजन ऐन, २०८०" रहेको छ।

(२) यो ऐन संवत् २०८० साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०८०/८१ को निमित्त प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकारः** आर्थिक वर्ष २०८०/८१ को निमित्त अनुसूची-१ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यका निमित्त सोही अनुसूचीको महल ४ मा उल्लिखित चालु खर्च, महल ५ मा उल्लिखित पूँजीगत खर्च र महल ६ मा उल्लिखित वित्तीय व्यवस्थाको रकम समेत गरी महल ७ मा उल्लिखित जम्मा रकम रू. ३३,४०,९६,३०,०००/- (अक्षेरुपी तेत्तिस अर्ब चालिस करोड छयानब्बे लाख तीस हजार) मा नबढाई निर्दिष्ट गरिएबमोजिम प्रदेश सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजनः** (१) यस ऐनद्वारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/८१ को लागि अनुसूची -२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको लागि विनियोजन गरिने छ।

(२) उपदफा (१) बमोजिम अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको लागि विनियोजन गरिएको रकममध्ये कुनै अनुदान सङ्ख्यामा बचत हुने र कुनै अनुदान सङ्ख्यामा अपुग हुने देखिएमा गण्डकी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालयले बचत हुने अनुदान सङ्ख्याबाट अपुग हुने अनुदान सङ्ख्यामा रकमान्तर गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम रकमान्तर गर्दा जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी अनुदान सङ्ख्याबाट अर्को एक वा एकभन्दा बढी अनुदान सङ्ख्यामा रकमान्तर गर्न, निकासा र खर्च लेख्न, चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकमान्तर गर्न सकिनेछ।

तर,

(क) पुँजीगत खर्च शीर्षकमा विनियोजित रकम वित्तीय व्यवस्था अन्तर्गत वित्तीय लगानी र आन्तरिक ऋणको साँवा, व्याज

भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ रकमान्तर गर्न सकिने छैन।

(ख) वित्तीय व्यवस्थातर्फ विनियोजित रकम आन्तरिक ऋणको साँवा र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ रकमान्तर गर्न र वित्तीय व्यवस्था अन्तर्गत आन्तरिक ऋणको साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र रकमान्तर गर्न सकिने छैन।

(४) एउटै अनुदान सङ्ख्या भित्रका बजेट शीर्षक वा उपशीर्षकमा रकमान्तर गर्दा गण्डकी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालयले सम्बन्धित आयोजना तथा कार्यक्रममा शुरु विनियोजित रकमको शत प्रतिशत भन्दा बढी नहुने गरी रकमान्तर गर्न सक्नेछ।

तर प्रदेश सरकारले प्रतिवद्धता जनाएका आयोजना तथा कार्यक्रम, स्रोत सुनिश्चित भएका आयोजना तथा कार्यक्रम, विपद्, प्राकृतिक प्रकोप, महामारी नियन्त्रण, सरकारी संरचना निर्माण र अनिवार्य दायित्वको भुक्तानीको लागि आवश्यकतानुसार रकमान्तर गर्न सकिनेछ।

(५) बहुवर्षीय आयोजनामा विनियोजन भएको रकम अन्य बहुवर्षीय आयोजनामा बाहेक अन्यत्र रकमान्तर गर्न सकिने छैन।

(६) स्थानीय तहका लागि अनुदान सङ्ख्या ८०१ मा विनियोजन भएको अनुदान रकम अन्य अनुदान सङ्ख्यामा रकमान्तर गर्न सकिने छैन।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान सङ्ख्या ५०१ देखि ६०२ मा विनियोजन भएको रकम जुन अनुदान सङ्ख्यामा निकासा र खर्च हुने हो सोही अनुदान सङ्ख्यामा रकमान्तर गर्न तथा निकासा र खर्च लेख्न बाधा पर्ने छैन।

४. <u>अन्तर-सरकारी वित्तीय हस्तान्तरणः</u> (१) अनुदान सङ्ख्या ८०१ को रकम स्थानीय तहले कानून बमोजिम खर्च गर्न पाउने गरी अनुदानको रुपमा स्थानीय सञ्चित कोषमा हस्तान्तरण गरिनेछ।

(२) उपदफा (१) बमोजिमको रकममध्ये वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम गण्डकी प्रदेश सरकार, आर्थिक मामिला

मन्त्रालयले निर्धारण गरे बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा भाद्र २५ गते भित्र, कार्तिक २५ गते भित्र, माघ २५ गते भित्र र बैशाख २५ गते भित्र गरी चार किस्तामा हस्तान्तरण गर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मुलुकमा विपद् वा कुनै असामान्य परिस्थिति उत्पन्न भई लक्ष्य अनुरुप राजस्व संकलन हुन नसकेमा र संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान तथा राजस्व बाँडफाँट रकम कम प्राप्त भएमा गण्डकी प्रदेश सरकारले उपदफा (२) बमोजिमको पहिलो किस्ता बाहेक अन्य किस्ता र सो बापतको रकम पुनः निर्धारण गरी गण्डकी प्रदेश सरकारले निर्धारण गरेको समयमा प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय सञ्चित कोषमा हस्तान्तरण गर्न सक्नेछ।

(४) उपदफा (२) बमोजिमको वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले आर्थिक वर्षको कार्तिक १५ गतेभित्र, माघ १५ गतेभित्र, बैशाख १५ गतेभित्र र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको साउन मसान्तभित्र तथा उपदफा (३) बमोजिम हस्तान्तरण भएको रकम र खर्च भएको रकमको विवरण गण्डकी प्रदेश सरकारले निर्धारण गरेको समयमा प्रदेश लेखा नियन्त्रक कार्यालयमा बुझाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको विवरण प्राप्त नभएसम्म वित्तीय समानीकरण अनुदानको बाँकी रकम स्थानीय तहको सञ्चित कोषमा हस्तान्तरण गर्न गण्डकी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालय बाध्य हुनेछैन।

(६) उपदफा (१) बमोजिमको अनुदान रकम मध्ये सशर्त अनुदान रकमको पचास प्रतिशत रकम भाद्र मसान्तसम्म वा विनियोजन भएको दुई महिना भित्र स्थानीय तहको सञ्चित कोषमा र बाँकी पचास प्रतिशत रकम सम्बन्धित स्थानीय तहबाट आयोजनाको लागत अनुमान, आयोजना तथा कार्यक्रम सम्झौता, अन्तिम मूल्याङ्कन, कार्यसम्पन्न प्रतिवेदन सहित निकासा माग प्राप्त भएपछि गण्डकी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालयबाट प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत हस्तान्तरण गरिनेछ।

(७) गण्डकी प्रदेश सरकारबाट गण्डकी प्रदेश सरकारका निकाय तथा स्थानीय तहमा हस्तान्तरण भएको वित्तीय समानीकरण अनुदान र राजस्व

बाँडफाँट बाहेक अन्य सबै किसिमको अनुदानबाट हस्तान्तरण भएको रकम सो आर्थिक वर्षभित्र खर्च नभई बचत भएमा त्यसरी बचत भएको रकम सम्बन्धित निकाय तथा स्थानीय तहले आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत प्रदेश सञ्चित कोषमा फिर्ता दाखिल गर्नु पर्नेछ।

(८) उपदफा (७) बमोजिम आर्थिक वर्षभित्र खर्च नभई बचत भएको अनुदान रकम फिर्ता दाखिल नभएमा त्यसरी फिर्ता दाखिल हुनुपर्ने रकम आगामी आर्थिक वर्षमा हस्तान्तरण हुने  जुनसुकै अनुदान रकमबाट कट्टा गरी समायोजन गर्न सकिनेछ।

५. **आयोजना वा कार्यक्रम कार्यान्वयन सम्बन्धी विशेष व्यवस्थाः** (१) यस ऐन बमोजिम गण्डकी प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै आयोजना तथा कार्यक्रम नेपाल सरकारको सम्बन्धित मन्त्रालय र गण्डकी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालयको पूर्व सहमति लिई माघ मसान्तभित्र लेखी आएमा गण्डकी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालयले त्यस्तो कार्यक्रम कार्यान्वयनका लागि खर्च गर्ने अख्तियारी दिने गरी सहमति दिन सक्नेछ।

तर प्रशासनिक खर्च तथा चालु तर्फका कार्यक्रमको लागि नेपाल सरकारका निकायलाई कुनै रकम उपलब्ध गराइने छैन।

(२) उपदफा (१) बमोजिम सहमति दिइएको जानकारी महालेखा परीक्षकको कार्यालय, नेपाल सरकारको सम्बन्धित मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रदेश सरकारको कुनै आयोजना तथा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गर्ने स्वीकृति प्राप्त भएमा त्यस्तो आयोजना तथा कार्यक्रम नेपाल सरकारको कार्यालयलाई प्रदेश सरकारको एकल खाता कोष प्रणालीमा प्रदेश निकायको रुपमा कार्यालय कोड दिई प्रचलित कानून बमोजिम रकम निकासा दिनु पर्नेछ।

(४) गण्डकी प्रदेश सरकारको कुनै विषयगत मन्त्रालय वा निकायको स्वीकृत वार्षिक कार्यक्रम अर्को मन्त्रालय वा निकायबाट कार्यान्वयन गर्नुपर्ने

भएमा कार्यान्वयन गर्ने सम्बन्धित मन्त्रालय वा निकायको पूर्व सहमति लिई माघ मसान्तभित्र गण्डकी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालयमा लेखी आएमा गण्डकी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालयले खर्च गर्ने अख्तियारीको लागि सहमति दिन सक्नेछ।

(५) यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहको बजेट तथा कार्यक्रममा समावेश भएको पूँजीगत तर्फको कुनै आयोजना तथा कार्यक्रम स्थानीय तहले प्रदेश सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा सम्बन्धित स्थानीय तहले प्रदेश सरकारको विषयगत मन्त्रालयको सिफारिसमा आर्थिक मामिला मन्त्रालयको स्वीकृति लिई त्यस्तो आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने निर्णय लिन सक्नेछ। सोको जानकारी सम्बन्धित मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम स्थानीय तहको आयोजना तथा कार्यक्रम गण्डकी प्रदेश सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गर्ने निर्णय भएमा स्थानीय तहले प्रादेशिक निकायको नाममा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालयमा रहेको विविध खातामा जम्मा हुने गरी निकासा दिनु पर्नेछ।

(७) यस ऐन बमोजिम गण्डकी प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै आयोजना तथा कार्यक्रम कुनै स्थानीय तह मार्फत कार्यान्वयन गर्नुपर्ने भएमा सम्बन्धित स्थानीय तहको पूर्व सहमति लिई माघ मसान्तभित्र गण्डकी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालयमा लेखी आएमा गण्डकी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालयले त्यस्तो आयोजना तथा कार्यक्रम कार्यान्वयनका लागि खर्च गर्न अख्तियारी दिने गरी सहमति दिन सक्नेछ।

(८) उपदफा (७) बमोजिम सहमति दिइएको जानकारी महालेखा परीक्षकको कार्यालय, महालेखा नियन्त्रकको कार्यालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

(९) यस ऐन बमोजिम स्वीकृत आयोजना तथा कार्यक्रम बाहेक कुनै थप आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने भएमा यस ऐनद्वारा विनियोजित

बजेटको परिधिभित्र रही गण्डकी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालयले त्यस्तो आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्न स्वीकृति दिन सक्नेछ।

तर विपद् व्यवस्थापन तथा गण्डकी प्रदेश सरकारको राजस्व वृद्धि गर्ने आयोजना तथा कार्यक्रम बाहेक बैशाख मसान्तभन्दा पछि अन्य कुनै नयाँ आयोजना तथा कार्यक्रम थप गर्न सकिने छैन।

(१०) प्रदेशको आर्थिक स्थिति र प्रदेश सञ्चित कोषमा जम्मा रहेको रकमलाई समेत विचार गरी गण्डकी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालयले प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक विनियोजित रकममा आवश्यकता अनुसार पूर्ण वा आंशिक रूपमा रोक्का वा नियन्त्रण गर्न तथा समर्पण गराउन सक्नेछ।

(११) आर्थिक वर्षको बीचमा गण्डकी प्रदेश सरकारका नयाँ संगठन संरचना निर्माण भएमा साविककै बजेट उपशीर्षकबाट खर्च गर्ने अख्तियारी प्रदान गरिनेछ।

६. **<u>लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षणः</u>** (१) यस ऐन बमोजिम संघ, प्रदेश वा स्थानीय तह मध्ये कुनै एक तह वा निकायको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै आयोजना तथा कार्यक्रम अर्को तह वा निकायबाट कार्यान्वयन गर्दा रकम विनियोजन भएको तह वा निकायको खर्च इकाईको रुपमा प्रचलित कानूनले तोके बमोजिमको लेखा राखी आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने तह वा निकायले आर्थिक विवरण तयार गरी प्रमाणित गराई त्यस्तो आर्थिक विवरण विनियोजन भएको तहमा पठाउनु पर्नेछ।

७. **<u>अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्बन्धी व्यवस्था</u>**: (१) यस ऐन बमोजिम विनियोजन भएको रकम प्रचलित कानूनको अधिनमा रही खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिनदेखि अधिकार प्राप्त अधिकारीलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले सम्बन्धित निकायलाई विनियोजन भएको रकम निकासा दिनेछ।

(३) कुनै निकायलाई एकभन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको प्रमुखले त्यसरी विनियोजन भएको सम्पूर्ण रकम संवत् २०८० साल असोज मसान्तभित्र खर्च गर्ने निकायलाई बाँडफाँट गरी प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश गरी स्वीकृतिका लागि गण्डकी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्नेछ।

तर कुनै मनासिव कारणले सम्बन्धित निकायको प्रमुखले संवत् २०८० साल असोज मसान्तभित्र बाँडफाँट गर्न नसकेमा सोको कारण खुलाई बाँडफाँटको लागि अनुरोध गरेमा गण्डकी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालयले संवत् २०८० साल कात्तिक मसान्तभित्र बाँडफाँट गर्न सक्नेछ।

(४) नेपाल सरकारबाट आर्थिक वर्षको बीचमा कुनै कार्यक्रम वा बजेट प्राप्त भएकोमा सम्बन्धित मन्त्रालयले बाँडफाँट गरी प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश गरी स्वीकृतिका लागि गण्डकी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको बाँडफाँटबाट रकम प्राप्त गर्ने निकायको प्रमुखलाई त्यस्तो रकम खर्च गर्ने अख्तियारी प्राप्त भएको मानिनेछ।

(६) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रम त्यस्तो कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनका लागि स्वीकृत कार्यक्रम मानिनेछ।

(७) प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कुनै कार्यक्रमको नाम र ठेगानामा भएको सामान्य त्रुटि संशोधन गर्नुपर्ने भएमा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयको अनुरोधमा कार्यक्रम संशोधनको लागि विषयगत मन्त्रालय वा निकायबाट लेखी आएमा गण्डकी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालयले चैत मसान्तभित्र संशोधन गर्न सक्नेछ।

(८) उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रमको त्रैमासिक विभाजनमा संशोधन गर्नुपर्ने भएमा वार्षिक लक्ष्य नघट्ने गरी सम्बन्धित निकायले एक तह माथिको कार्यालय प्रमुखको स्वीकृति लिनु पर्नेछ।

तर राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको कर्मचारी प्रमुख भएको निकायमा निजले त्रैमासिक विभाजनलाई संशोधन गर्न बाधा पुगेको मानिने छैन।

(९) प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रममा उल्लिखित क्रियाकलापको वार्षिक लक्ष्य नघट्ने गरी प्रदेश सरकारको स्रोततर्फ सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतले प्रचलित कानूनको अधिनमा रही जुन खर्च शीर्षकको कार्यक्रममा थप रकमान्तर गरिने हो सो खर्च शीर्षकको सोही कार्यक्रममा शुरू विनियोजित रकमको पच्चीस प्रतिशतसम्म रकमान्तर गर्न सक्नेछ।

(१०) उपदफा (७), (८) र (९) बमोजिमको संशोधन र रकमान्तर सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतले प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश गराई गण्डकी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालयबाट स्वीकृत गराउनु पर्नेछ र सोको जानकारी प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

८. **<u>वित्तीय अनुशासन सम्बन्धी व्यवस्था:</u>** (१) गण्डकी प्रदेश सरकारको अनुदानमा संरचना निर्माण गर्दा सम्बन्धित संस्थाको नाममा जग्गाको स्वामित्व वा भोगाधिकार प्राप्त भएको हुनुपर्नेछ।

(२) स्थानीय तहले आफूले उठाएको राजस्व र यस ऐन बमोजिम प्राप्त गरेको अनुदान रकम कानून बनाई खर्च गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम स्थानीय तहले कानून बनाउँदा देहायका विषय पालना हुने गरी बनाउनु पर्नेछः-

(क) गण्डकी प्रदेश सरकारको आर्थिक र वित्तीय नीतिको अनुसरण गर्ने,

(ख) जुन प्रयोजनका लागि अनुदान रकम प्राप्त भएको हो सोही प्रयोजनमा मात्र त्यस्तो अनुदान रकम खर्च गर्ने,

(ग) पूँजीगत खर्चतर्फ विनियोजित रकम चालु खर्चमा रकमान्तर नगर्ने,

(घ) प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ तथा अन्य प्रचलित प्रदेश कानूनले निर्दिष्ट गरे बमोजिमको आय व्ययको वर्गीकरण, लेखाङ्कन तथा प्रतिवेदन प्रणाली लागू गर्ने।

(४) यस ऐन बमोजिम विनियोजन भएको रकम खर्च गर्ने सम्बन्धमा गण्डकी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालयले आवश्यक मार्गदर्शन जारी गर्न सक्नेछ।

९. **सहमति लिनुपर्ने:** (१) गण्डकी प्रदेश सरकारका निकायहरुले सवारी साधन खरिद, कार्यालय सञ्चालनका लागि घर भाडा, अतिरिक्त समयको खाना तथा खाजा भत्ता, पाँच लाखभन्दा बढी लागत अनुमान भएका सफ्टवेयर खरिद तथा निर्माण, कानूनमा व्यवस्था भए बाहेकका अन्य भत्ता तथा थप आर्थिक दायित्व सृजना हुने विषयमा निर्णय गर्दा गण्डकी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालयको पूर्व सहमति लिनु पर्नेछ।

(२) गण्डकी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालयको पूर्व सहमति नलिई थप आर्थिक दायित्व सृजना हुने गरी कुनै निर्णय गरिएमा त्यस्तो थप आर्थिक दायित्वको लागि स्रोत व्यवस्थापन गर्न गण्डकी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालय बाध्य हुने छैन।

१०. **विविध:** (१) यो ऐन पारित भइसके पश्चात् नेपाल सरकारबाट स्रोतको रुपमा प्रस्तावित वित्तीय हस्तान्तरणको रकम थपघट हुने गरी प्राप्त भएमा गण्डकी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालयले त्यसरी थपघट भएको रकमको लेखा राखी घटेर रकम प्राप्त भएमा विषयगत मन्त्रालय तथा निकायलाई आवश्यक निर्देशन र बढेर रकम प्राप्त भएमा सम्बन्धित मन्त्रालय वा निकायलाई खर्च गर्ने अख्तियारी दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम चालु आर्थिक वर्षमा प्राप्त भएको रकमको समायोजित विवरण आगामी आर्थिक वर्षको आय र व्ययको विवरणसाथ प्रदेश सभामा पेस गर्नु पर्नेछ।

११. **निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्ने:** (१) यस ऐनको कार्यान्वयन गर्न गण्डकी प्रदेश सरकारले आवश्यक निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्देशिका, कार्यविधि वा मापदण्ड प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

**१२. आवश्यक व्यवस्था गर्न सक्नेः** (१) यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा गण्डकी  प्रदेश सरकारले आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेश प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

## अनुसूची -१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधान बमोजिम

**प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम**

(रू. हजारमा)

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| क्र.स. | प्रदेश अनुदान सङ्ख्या | शीर्षकको नाम | आर्थिक वर्ष २०८०/८१ मा व्ययभार हुने रकम | | |
| | | | चालु | वित्तीय व्यवस्था | जम्मा |
| १ | २०२ | प्रदेश व्यवस्थापिका | ५८८३ | ० | ५८८३ |
| २ | २१० | प्रदेश लोक सेवा आयोग | ४६८७ | ० | ४६८७ |
| ३ | ५०२ | अर्थ-आन्तरिक ऋण भुक्तानी | ६००० | ० | ६००० |
| ४ | ६०२ | अर्थ -विविध | १००० | ० | १००० |
| जम्मा | | | १७५७० | ० | १७५७० |

## अनुसूची -२

(दफा २ र ३ सँग सम्बन्धित)

**प्रदेश सञ्चित कोषबाट विनियोजन हुने रकम**

(रू. हजारमा)

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र. सं. | अनुदान सङ्ख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
| १ | २०२ | प्रदेश व्यवस्थापिका | १४,४०,२० | १,२५,०० | ० | १५,६५,२० |
| २ | २१० | प्रदेश लोक सेवा आयोग | १०,७०,६७ | १,१४,०० | ० | ११,८४,६७ |
| ३ | २१६ | मुख्य न्यायाधिवक्ता को कार्यालय | १,४१,४० | २०,०० | ० | १,६१,४० |
| ४ | ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ८५,५१,२२ | २८,३७,०० | ० | १,१३,८८,२२ |
| ५ | ३०५ | आर्थिक मामिला मन्त्रालय | १४,२८,७८ | ८७,०० | ० | १५,१५,७८ |
| ६ | ३०७ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ७९,७२,३५ | ८०,७६,३३ | ० | १,६०,४८,६८ |
| ७ | ३१२ | कृषि तथा भूमि व्यवस्था मन्त्रालय | २,०४,९५,६९ | १६,७०,५७ | ० | २,२१,६६,२६ |
| ८ | ३३७ | भौतिक पूर्वाधार विकास तथा | ४२,०३,०३ | १२,०८,९९,२४ | ० | १२,५१,०२,२७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | यातायात व्यवस्था मन्त्रालय | | | | |
| ९ | ३४० | उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय | ३५,१८,०५ | ४,६६,०२,०० | ० | ५,०१,२०,०५ |
| १० | ३५० | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | ४,०७,०४,०८ | ९८,६७,४८ | ० | ५,०५,७१,५६ |
| ११ | ३९१ | प्रदेश नीति तथा योजना आयोग | ६,००,०० | ५०,०० | ० | ६,५०,०० |
| १२ | ५०१ | अर्थ -वित्तीय व्यवस्था | ० | ० | ५०,००,०० | ५०,००,०० |
| १३ | ६०१ | कर्मचारी सुविधा तथा सेवा निवृत सुविधा | ७०,०० | ० | ० | ७०,०० |
| १४ | ६०२ | अर्थ-विविध | १,५९,४१,२१ | १,१५,५६,०० | ० | २,७४,९७,२१ |
| १५ | ८०१ | स्थानीय तह | २,१०,५५,०० | ० | ० | २,१०,५५,०० |
| जम्मा | | | १२,७१,९१,६८ | २०,६९,०४,६२ | ५०,००,०० | ३३,४०,९६,३० |

## अनुसूची-३

## स्थानीय तहमा वित्तीय हस्तान्तरणको सारांश
## आर्थिक वर्ष २०८०/८१

(रू. हजारमा)

| विवरण | समानिकरण अनुदान | | | सशर्त अनुदान | | | विशेष अनुदान | | | समपूरक अनुदान (पुँजीगत) | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | न्यूनतम अनुदान | सुत्रमा आधारित अनुदान | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | | चालु | पुँजीगत | जम्मा |
| स्थानीय तह | १३,०३,७५ | १,०२,९६,२५ | १,१६,००,०० | २४,४५,०० | ० | २४,४५,०० | १९,२०,०० | ० | १९,२०,०० | ५०,९०,०० | १,५९,६५,०० | ५०,९०,०० | २,१०,५५,०० |
| महनगरपालिका | ५१,२५ | ७,४२,३७ | ७,९३,६२ | ८०,०० | ० | ८०,०० | ० | ० | ० | १,५०,०० | ८,७३,६२ | १,५०,०० | १०,२३,६२ |
| नगरपालिका | ४,४१,२५ | ४३,०१,३० | ४७,४२,५५ | ९,६०,०० | ० | ९,६०,०० | ३,५०,०० | ० | ३,५०,०० | १६,९०,०० | ६०,५२,५५ | १६,९०,०० | ७७,४२,५५ |
| गाँउपालिका | ८,११,२५ | ५२,५२,५८ | ६०,६३,८३ | १४,०५,०० | ० | १४,०५,०० | १५,७०,०० | ० | १५,७०,०० | ३२,५०,०० | ९०,३८,८३ | ३२,५०,०० | १,२२,८८,८३ |

प्रमाणीकरण मितिः-२०८०।०३।३१

आज्ञाले,
शम्भु राज रेग्मी
प्रदेश सरकारको सचिव

मुद्रकः गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।मूल्य रु.२५।-